# समाचार सन्देश

वर्ष १३, अङ्क ५   आई.पी.एस्. लेख रचनाको सँगालो, बैशाख ३–१७, २०६४ (अप्रिल १६ – ३०, २००७)

## मृत्युदण्डको सजायमा कमी

– सविना जाकारो

रोम (आई.पी.एस्./एन.पी.आई.) – गएको अप्रिलको अन्तिम साता जापानमा तीन व्यक्तिलाई झुण्डाइयो । त्यसै साता अमेरिकामा एक व्यक्तिलाई मृत्युदण्ड दिइयो । यो खबर मृत्युदण्डको सजायका विरुद्ध प्रचारमा लागेका व्यक्तिहरूका लागि एक धक्का थियो ।

'जापानमा तीन जनालाई र अमेरिकाको टेक्सासमा एक व्यक्तिलाई दिइएको मृत्युदण्डले विश्वबाटै यस खालको अम(ानवीय सजाय निर्मूल गर्नुपर्छ भन्नेहरूका लागि चुनौतीको विषय हुन आएको छ । २००७ मा पनि गलत परम्परा कायम रहने चित्र तयार भएको छ,' एम्नेस्टी इन्टरनेशनलकी महासचिव आइरिन खानले आईपीएसलाई भनिन् ।

योसिकात्सु ओदालाई १९९० मा मोसाहिरो तानाकालाई हत्या गरेको, ओसाकु नादालाई डकैती तथा हत्या गरेको अभियोगमा जापानमा झुण्डाइएको हो । जतिखेर यस प्रकारको सजाय दिइयो त्यसबेला एम्नेस्टीले २००६ को प्रतिवेदन रोममा सार्वजनिक गर्दै थियो ।

मृत्युदण्डका विरुद्ध एकातिर पैरवी चलिरहेको थियो भने अर्कातिर अभियुक्तलाई झुण्ड्याउने काम भैरहेको थियो । यद्यपि २००५ को दाँजोमा गतवर्ष मृत्युदण्डको स्थितिमा केही सुधार भने देखिएको छ । एम्नेस्टीका अनुसार २००६ मा १ हजार ५ सय ९१ व्यक्तिलाई मृत्युदण्ड दिइयो भने २००५ मा यो संख्या २,१४८ थियो । जम्मा ३,८६१ व्यक्तिले मृत्युदण्डका लागि आलोचना खप्नु पर्‍यो भने ५,१८६ व्यक्तिले मृत्युदण्डको सजाय पाए ।

'यस वर्ष मृत्युदण्डका सम्बन्धमा सकारात्मक प्रवृत्ति देखिएको पुष्टि हुन्छ,' खानले भनिन् ।

एम्नेस्टी इन्टरनेशनलले आफ्नो प्रतिवेदन सार्वजनिक गर्न रोमलाई यस कारण चयन गर्‍यो कि इटालियन सरकारले विश्वमा मृत्युदण्ड स्थगित हुनुपर्छ भनेर संयुक्त राष्ट्रसंघमा नेतृत्वदायी प्रचार गरेको थियो, खानले भनिन् । तर, रोममा प्रतिवेदन सार्वजनिक गर्नुको कारण त्यो मात्र थिएन ।

इटलीको सरकारले मृत्युदण्डका विरुद्ध विश्वव्यापीरूपमा प्रदर्शनी हुनुपर्ने विचार व्यक्त गरेको थियो । 'मैले व्यक्तिगत रूपमा इटलीका प्रधानमन्त्री रोमानो प्रोधीलाई मृत्युदण्डका विरुद्ध आवाज उठाउने राज्यलाई सहभागीताका लागि आमन्त्रण गर्न भनेकी थिएँ । विश्वका मृत्युदण्ड विरोधी सरकारको सञ्जाल बनाउनु पर्ने र गैरसरकारी संस्थाहरूको सञ्जाललाई अझ सक्रिय बनाउनु आवश्यक छ,' खानले भनिन् ।

एम्नेस्टी इन्टरनेशनलले मृत्युदण्डविरुद्ध विश्वव्यापी रूपमा स्थगन प्रस्ताव अगि सारेको छ । यसले मृत्युदण्डको सजाय विश्वव्यापीरूपमा स्थगित गर्न युरोपेली संसदले खेलेको भूमिकाको स्वागत गरेको छ ।

'मृत्युदण्ड स्थगन गर्ने प्रस्ताव अत्यन्त महत्वपूर्ण विषय हो, यो कुनै कागजातको टुक्रो मात्र होइन,' खानले भनिन् । 'यस प्रस्तावले मृत्युदण्डको सजाय कायम राखेका

**अनुरोध**

**'समाचार सन्देश' का सामग्री पुनः प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन् ।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं ।**

**– सम्पादक**

मुलुकहरूलाई सो अमानबीय सजाय हटाउन र सो सजायको प्रतीक्षामा रहेका बन्दीलाई आशाको किरण पाउन सघाएको छ,' ।

मृत्युदण्डको सजायको स्थगन युरोपेली अग्रसरताको परिणाम मात्र होइन, उनले भनिन् 'यस अभियानमा अन्य मुलुकहरू पनि सहभागी छन् । खासगरी एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका मुलुकहरूको पनि यसमा योगदान छ । कूटनीतिक क्षेत्रबाट समेत मृत्युदण्डका विरुद्ध जनमत बनाउने प्रयास भएका कारण बहुमत संख्या यसका विरुद्ध देखापरेको छ । क्षेत्रीय स्तरमा समेत प्रयासहरू भएका छन् तापनि केही कमी देखिएको छ,'

खानले भनिन्, एकै विचारका मुलुकहरूले इटली सरकारको आग्रहलाई सकारात्मक रूपमा लिने कुरामा उनी विश्वस्त छिन् 'मलाई लाग्छ, विभिन्न मुलुकहरूका विचारको एकताले नै उनीहरूलाई एकसाथ खडा हुन सगाउने छ । सहविचारका मुलुकहरूसँग मृत्युदण्ड स्थगन गर्ने सवाललाई लिएर इटलीले दुई पक्षीय वार्ता पनि चलाएको छ ।

'मृत्युदण्डका विरुद्ध व्यापक जनमत तयार पार्न द्विपक्षीय छलफल चलाउनु मात्र पर्याप्त छैन, यसका लागि बहुपक्षीय बहस चलाउनु आवश्यक छ । बिभिन्न मुलुकका गैससहरूबीच ऐक्यबद्धताका लागि सहमति बन्नुपर्छ । यसो भएमा मात्र यस मुद्दालाई बलियो ढङ्गले अघि बढाउन सकिन्छ । विश्वका ती मुलुक जसले मृत्युदण्डलाई स्थगित गरिसकेका छन् वा गर्ने तयारीमा छन्, उनीहरू बहुपक्षीय अवधारणामा सरिक हुनेछन् ।

एम्नेस्टी रिपोर्टका अनुसार जम्मा ६ मुलुक इरान, इराक, सुडान, पाकिस्तान, अमेरिका र चीन विश्वमा दिइएका मृत्युदण्डको सजायमध्ये ९१ प्रतिशत व्यक्तिलाई सजाय दिने मुलुकहरू हुन् ।

इराकले २००४ मा मृत्युदण्डको सजायको प्रावधान पुनः अवलम्वन गरेपछि विश्वकै सर्वाधिक मृत्युदण्ड दिने मुलुकमा पर्न आउँछ । २००४ मा इराकमा कसैलाई मृत्युदण्ड दिइएने भने २००५ मा आएर तीन व्यक्तिलाई मृत्युदण्ड दिइयो तर २००६ मा यो संख्या बढेर ६५ पुगेको छ ।

२००६ मा इरानमा मृत्युदण्ड पाएका व्यक्तिहरूको संख्या अगिल्लो वर्षको तुलनामा झण्डै दुई गुना बढेको छ । सो वर्ष चार नाबालकसहित १७७ व्यक्तिलाई इरानले मृत्युदण्ड दियो । आज इरानमा २३ नाबालकहरू मृत्युदण्डको सूचिमा जेल जीवन काटिरहेका छन् ।

पाकिस्तान पनि मृत्युदण्ड दिने प्रमुख मुलुकहरूमा पर्न आउँछ । गतवर्ष यसले ८२ व्यक्तिलाई मृत्युदण्ड दियो भने सुडानले कम्तिमा ६५ व्यक्तिलाई सोही सजाय दियो । एम्नेस्टीको विश्वास छ, मृत्युदण्डको संख्या जति बाहिर आएको छ त्योभन्दा अधिक संख्यामा सो सजाय दिइएको हुनसक्छ ।

संयुक्त राज्य अमेरिकाले २००३ देखि मृत्युदण्ड दिइएका व्यक्तिहरूको संख्या ५३ छ । गतवर्ष तीन दशकको मृत्युदण्डको समीक्षा गरिएकोमा अमेरिका सो सजाय दिने मुलुकहरूमध्ये न्यून सूचीमा रहेको छ ।

गतवर्ष सवैभन्दा बढी मृत्युदण्डको सजाय दिने मुलुकमा विगत वर्षहरूमा जस्तै चीन नै पर्न आउँछ । चीनले आधिकारिक संख्या गोप्य राख्ने गर्दछ । एम्नेस्टीका अनुसार १ हजार १० व्यक्तिलाई गतवर्ष चीनले मृत्युदण्ड दियो भनी औपचारिक जानकारी दिइए तापनि अनौपचारिक संख्या ७ हजार देखि ८ हजारका बीच हुनुपर्दछ ।

'सकारात्मक समाचार के छ भने चीनले पनि मृत्युदण्डका सम्बन्धमा पुनरावलोकन प्रक्रिया सुरु गरेको छ । आगामी २००८ मा हुने ओलम्पिक खेललाई ध्यान दिएर बेजिङ्गले सो निर्णय लिएको हो,' खानले भनिन् ।

अफ्रिकाका चार मुलक र युरोपको बेलारुसमा पनि २००६ मा व्यक्तिहरूले मृत्युदण्डको सजाय पाएका छन्, प्रतिवेदनले जनाएको छ ।

'एसिया र मध्यपूर्व मुलुकहरू मृत्युदण्डका सवालमा अडिग भएर रहेका छन् । मानौं बाहिरी संसारको परिवर्तनले उनीहरूलाई छोएकै छैन,' एम्नेस्टीले भन्यो ।

'पछिल्ला महिनाहरूको महत्वपूर्ण उपलब्धि के हो भने फिलिपिन्सले मृत्युदण्डको सजाय खारेज गऱ्यो । यो मुलुक बढी संख्यामा मृत्युदण्ड दिनेमा पर्न आउँथ्यो । फिलिपिन्सले १ हजार २ सय व्यक्तिलाई मृत्युदण्डको सजाय दिएको अभिलेखले देखाउँछ । एम्नेस्टी इन्टर नेसनलका अध्यक्ष पाओलो कोवियातीले इटलीमा आईपीएसलाई भने ।

उनी भन्छन्- मृत्युदण्ड दिनेहरूले यो सजाय विश्वबाट खारेज हुने दिशामा नरोकिने गरी अगिबढेको छ भन्ने तथ्य स्वीकार गर्नै पर्दछ । उनीहरूले आफूलाई बहिस्कृत पात्रका रूपमा नउभ्याउन खारेजीको अभियानमा सरिक हुनुपर्दछ ।

# माछाको फुलको तस्करी रोकिएन

– मारिना कोजलोभा

तासकन्त (**आई.पी.एस्./एन.पी.आई.**) – सार्कजस्तो ठूलोमाछाको फुल नामुद भोजनगृहहरूमा विशेष खानाका रूपमा लिइन्छ । तर, माछाको फुल खाएरै सक्ने हो भने एकदिन इस्टरजियो नामको सो माछा नै विनास हुने सम्भावना पनि छ । यही सम्भावनालाई ख्याल गरेर त्यसको फुल निर्यात गर्न प्रतिबन्ध लगाइएको छ । प्रतिबन्धले इस्टरजियो र त्यसको फुलको संरक्षण चाहने संसारकै वातावरणविद्हरू प्रसन्न भएका छन् । यद्यपि यस प्रतिबन्धले मात्र इस्टरजियोको संरक्षण होला भन्ने कुरामा वातावरणवादीहरू विश्वस्त छैनन्, किनभने माछाको फुलको तस्करीमा लागेको गिरोह निकै शक्तिशाली र सक्रिय छ ।

'प्रतिबन्ध लगाउनु वा हटाउनुले गैरकानुनी ढङ्गबाट माछा तस्करी गर्ने व्यक्तिलाई खास प्रभाव पार्दैन । क्यासपिएन माछाको फुलका तस्करहरूले गैरकानुनी निर्यातको आफ्नै सञ्जाल तयार पारेका छन्,' अमेरिकाको भर्जेनियास्थित म्याकलिनका विश्व स्रोत कम्पनीका अन्तर्राष्ट्रिय कानुनका सल्लाहकार बाहामान अघाई बिबा एशिया वाटर वायरलाई जानकारी गराउँछन् । उनी भन्छन्, प्रतिबन्ध लगाइए पनि तस्करीको सिलसिला चलिरहन्छ । क्यासपिएन सागरमा गैरकानुनी तथा अनियमित मत्स्य व्यवसायका कारण इस्टरजियो जातका माछाको संख्या ८० प्रतिशतले न्यून भैसकेको छ ।

माछा मारेर गुजारा चलाउँदै आएका गरिब बासिन्दालाई तस्करहरूले हातलिने र दुर्लभ इस्टरजियो मार्न लगाउने गर्दछन् । 'संकटमा परेका जीवजन्तुको रक्षा गरिबीका कारण थप चुनौतीपूर्ण हुन पुगेको छ । कालान्तरमा जीवचक्रको बिनासले आफैंलाई क्षतिपुर्‍याउँछ भन्ने यथार्थबाट उनीहरू अनभिज्ञ छन् । जसलाई आफू बाँच्न र परिवारलाई भोकबाट जोगाउन नै समस्या छभने उनीहरूले किन कानुनको अनुशरण गर्ने ?' उनले भने ।

'वातावरणविद्हरू इस्टरजियोको मासु र फुलको गैरकानुनी उत्पादनलाई रोक्न तत्काल कडा कदम चाल्न आवश्यक छभन्छन् । सन् १९९८ देखि २००४ का बीच युरोपियन युनियनले ५९१ टन माछाको फुल आयात गरेकोमा ९० प्रतिशत क्यास्पियन सागर क्षेत्रबाटै आयात गरेको छ । तर, कानुनी व्यापारमा भने कुनै समस्या छैन । समस्या गैरकानुनी व्यापारमा छ जुन परिमाणका हिसावले निकै ठूलो छ । यसले इस्टरजियोको भण्डार नै रित्तो पार्ने सम्भावना बढेको छ,' आयात निर्यात नियन्त्रणका क्षेत्रमा कार्यरत फयाकफर्डका जीवजन्तु संरक्षणविद् भोलकर होम्स प्रस्ट पार्दछन् ।

माछाको फुलको कालो बजार चुनौतीका रूपमा प्रकट भएको छ । उनी भन्छन्- इस्टरजियोका विनासकहरू संगठित त्यस्ता समूह हुन् जो आधुनिक प्रविधियुक्त पद्धतिको प्रयोग गर्दै तस्करी व्यवसाय सञ्चालन गर्दछन् । उनीहरूको सम्पर्कमा संगठित आपराधिक गिरोह पनि रहन्छ ।

१९९८ देखि २००४ का बीच इस्टरजियोको फुलको कानुनी व्यापार नै १ हजार ३ सय ७ टन रहेको छ । जबकि २००० देखि २००५ सम्ममा युरोपेली निकायहरूले करिव १२ टनमात्र माछाको फुल युरोपेली प्रशासनले जफत गर्न सक्यो, 'कालो सुन: पश्चिम युरोपमा माछाको फुलको व्यापार,' शीर्षकमा प्रकाशित पर्चामा खुलासा गरिएको छ ।

पर्चाअनुसार प्रशासनले माछाका फुलको व्यापारको परिमाण थाहा पाउन निकै जटिल भएको छ । किनभने तस्करी स्वभावत भूमिगत रूपमा हुने गर्दछ । पर्चामा उल्लेख गरिएअनुसार कालोबजार लाई नियन्त्रण गर्न विविध कठिनाइहरू सृजना भैरहेका छैन् । समातियो भनिएको परिमाण, वस्तु र दोषको मात्रा प्राय: भ्रमपूर्ण देखिन्छ । प्रतिबन्धका बेला गैरकानुनी रूपमा कति परिमाणमा माछा र फुलको तस्करी भयो भन्ने जानकारी छैन ।

प्रतिवेदनअुनसार गैरकानुनी व्यापार को परिमाण कति छ भन्ने अनुमान निषेधित बस्तु आयात गर्ने मुलुकहरूले कति सामान प्राप्त गरे भन्ने विवरणका आधारमा गर्ने गरिएको छ । तर सबै आयात कर्ताको पहिचान हुन नसकिरहेको अवस्थामा तस्करीको परमाण जति बाहिर आएको छ त्योभन्दा निकै अधिक हुनसक्ने दृष्टिकोण पनि प्रतिवेदनमा समावेश गरिएको छ ।

क्यासपियन सागरबाट विश्वका अधिकांश मुलुकहरूमा माछाको फुल निकासी हुने गर्दछ । पानीले ढाकिएको विश्वको ठूलो यस क्षेत्रबाट खासगरी युरोप र एशियामा मत्स्य उत्पादनहरू निर्यात हुने गर्दछन् । यहाँबाट कानुनी रूपमै दश करोड अमेरिकी डलर बराबरको माछाको फुल प्रतिवर्ष निकासी हुने गर्दछ । तर व्यापार त्यतिमा मात्र सीमित छैन । औद्योगिक तथा कृषि प्रदूषण सृजना गर्दै जीवजन्तुको यत्रतत्र सिकार र मासु तथा यसका अङ्गहरूको व्यापार हुने गरेको छ । विश्वका महँगा रेष्टुराहरूमा माछाको फुलको परिकारको भोजन सूची पाइने गरेको छ ।

'इस्टरजियोको विनाश गैरकानुनी शिकारबाटै प्रारम्भ हुन्छ,' होम्सले भने । विश्व वन्यजन्तु संरक्षण कोष (डब्लुडब्लुएफ) र विश्व संरक्षण संगठनको सञ्जालले दुर्लभ वन्यजन्तुको व्यापारको अनुगमन गर्दै आएको छ ।

इरान भने त्यस्तो मुलुक हो जसले दावी गरेअनुसार इस्टरजियो जोगाउन सकेको छ । ऊसँग पर्याप्त भण्डारण भएकै कारण स्थानीय इस्टरजियोको फुल ४४ हजार ३ सय ७० र

पर्सियाली इस्टरजियोको मासु १ लाख किलोग्रामसम्म निर्यात गर्न अनुमति दिइएको छ ।

यसै वर्षको जनवरी महिनामा प्रतिबन्ध फुकुवा गरिएपछि साइटिसले २००७ का लागि क्यासपिएन उपत्यकाका इरानसहित पाँच राज्यहरूबाट इस्टर जियोको फुल र मासु निर्यात गर्न सीमा निर्धारण गरिदिएको छ । यी मुलुकहरूले इस्टरजियोको फुल ८५ हजार ९ सय ६५ किलोग्राम र त्यसको मासु २ लाख ४८ हजार ५ सय ५५ किलोग्रामसम्म निर्यात गर्न सक्छन् । कोटा निर्धारण व्यवस्थाले इस्टरजियो पालनबाट निर्यातको सीमाअनुसार फुल र मासु निर्यात गर्ने कार्यमा कुनै प्रभाव परेको छैन ।

साइटसको प्रतिवेदनअनुसार १९९८ देखि २००४ सम्म इस्टरजियोको फुल अधिकतम परिमाणमा आयत गर्ने मुलुकमा अमेरिका र स्वीटजरल्याण्ड पर्दछन् । उनीहरूले जम्मा निर्यातको ८३ प्रतिशत खपत गर्दछन् भने माछाको फुल आयात गर्ने युरोपेली संघका सदस्य राष्ट्रहरूमा फ्रान्स र जर्मनी प्रमुख छन् ।

साइटस सचिवालयले विश्वमा सबैभन्दा मूल्यवान रहेको बेलुगा नामको माछाको फुल कति परिमाणमा निर्यात भैरहेको छ भन्ने विषयमा भने कुनै जानकारी दिएको छैन । पाँच मुलुकले उपलब्ध गराएको सूचना मात्र यस सम्बन्धमा जानकारी दिन पूर्ण छैन, प्रेस वक्तव्यमा सचिवालयले भनेको छ । अन्तर्राष्ट्रिय बजारमा बेलुगाको मूल्य प्रतिकिलोग्राम २५० देखि ५००० अमेरिकी डलर पर्दछ ।

यस्तै मूल्यवान माछाको फुलमा रसियाली, पर्सियाली र स्टेलेटको इस्टरजियो पनि पर्न आउँछ । डब्लुडब्लुएफको प्रतिवेदनअनुसार रसियाली प्रकारको फुल २७ हजार ६ सय ३० किलोग्राम, पर्सियाली ३८ हजार किलोग्राम र स्टेलेट स्टरजियोको २० हजार ३ सय ३७ किलोग्राम फुल सम्बद्ध क्षेत्रबाट निर्यात गर्न अनुमति प्रदान गरिएको छ ।

१९७५ देखि साइटिस कार्यरत रहेको अवस्थामा महासन्धिका सबैपक्षहरूले घरेलु कानुन बनाई सफ्टमा परेका जीव तथा वनस्पतिको रक्षा गर्नु र कानुन उल्लंघन गर्ने निकायलाई सजाय गर्नु आवश्यक हुन्छ । बन्यजन्तु अपराधमा चोरी सिकारी, वन्य जन्तुको नियन्त्रण तथा सङ्कलन, तस्करी निजी नियन्त्रणमा राख्ने र गैरकानुनी आयात वा निर्यात गर्ने कार्य पर्दछ । दुर्लभ जीवजन्तुसम्बन्धी कानुन आनुपातिक रूपमा नयाँ छ, त्यसैले यसको कार्यान्वयन पनि बढी चुनौतीपूर्ण रहेको छ ।

राष्ट्रसंघीय वातावरण कार्यक्रमले २००४ को अक्टोबरमा जनाएअनुसार वन्यजन्तुसम्बन्धी अपराध नियन्त्रण गर्ने क्षमता अधिकांश मुलुकहरूमा कमजोर देखिन्छ । राष्ट्रिय प्रशासनले आवश्यक स्रोत र खर्च जुटाउन नसकेका कारण र प्रभावित मुलुकहरूका बीच समन्वय तथा सूचना आदान-प्रदान नहुने गरेका कारण दुलर्भ वन्यजन्तुको विनाश सम्बन्धी अपराधमा कारबाही चलाउन कठिनाइ भएको हो । २००१ को नोभेम्वर महिनामा साइटिस सचिवालयले जनाएअनुसार २ करोड ५० लाख अमेरिकी डलर बराबरको इस्टरजियोको फुल संयुक्त अरब इमिरेट्समा सो वर्षको पहिलो १० महिनाभित्रै निर्यात गरियो । इस्टरजियोको फुल प्रतिबन्धित क्षेत्रबाट आयात गरिएको थियो ।

'अर्को पक्षमा, तटीय मुलुकहरूका बिचारमा क्यासपियन सागर स्वामित्वबिहीन क्षेत्रका रूपमा रहेको छ जसले सक्छ उसले त्यहाँका जीव-जन्तुको विनाश गर्दछ । क्यासपियन इस्टरजियोको परिमाण दिनप्रतिदिन प्राकृतिक तथा मानवीय कारणले घट्दै गएको छ,' दिबा भन्छन्, प्रदूषण तथा शिकार नै दुलर्भ जन्तु विनाशका प्रमुख कारणहरू हुन् । रसियाको अष्ट्राखान क्षेत्रका गर्भनर अलेक्जेण्डर जिलकिनको भनाइ भन्दै उनको कम्प्युटर वेब ठेगाना ध्पिप्ला।चग मा जनाइएअनुसार गत वर्षको प्रतिबन्धले इस्टरजियोको परिमाण बढाउन सघाएको छ । यसैवर्ष बेलुगा इस्टर जियो पालनका लागि २ किलोग्रामका इस्टर जियो क्यासपियन सागरमा छोडिए ।

'प्रतिबन्धको नियम सधैंका लागि होइन । इस्टर जियोको विक्री-वितरण अन्तर्राष्ट्रिय क्षेत्रसम्म पुऱ्याएर जुन आम्दानी हुन्छ त्यसलाई पुन: इस्टरजियोकै संरक्षणमा लगाउन सकिन्छ,' राष्ट्रसंघीय वातावरण कार्यक्रमका वातावरणीय कानुन तथा संरक्षण विभागका कार्यक्रमका अधिकृत माइकल विलियम्स भन्छन् ।

प्रतिबन्धले कानुनी विक्रीलाई मात्र प्रभाव पार्दछ तर गैरकानुनी व्यापार यथावत चलिरहेको हुन्छ । साइटिसलाई तस्करीले बेवास्ता गरेको छ,' विलियम्सले भने ।

क्यासपियन सागरका इस्टरजियो मरिरहेका छन् । गैरकानुनी शिकार तथा व्यापार, प्रदूषणयुक्त पानी र विषयुक्त भोजनका कारण उनीहरूको भण्डार रित्तिँदै छ ।

रसियाको औद्योगिकीक क्षेत्रबाट निश्रित फोरमैलाका कारण भोल्गा नदी गम्भीर रूपमा प्रदूषित भएको छ । सो नदीको पानी क्यासपियन सागरमै आएर मिसिन्छ । तेल उत्पादन तथा तैल-पदार्थ पानीमा मिसिन गएका कारण पनि इस्टरजियोको वासस्थान विषयुक्त बन्न पुगेको छ । २ खरब व्यारेलभन्दा बढी तेल यस क्षेत्रमा रहेको छ । मध्यपूर्वपछि तेल भण्डारमा यही क्षेत्र समृद्ध छ ।

क्यासपियन सागरका विभिन्न भागहरूमा तैल प्रदूषणको मात्रा फरक-फरक छ । कतै १.५ गुणा त कतै ११.८ गुणा अधिक प्रदूषण रहेको छ । व्यावहारिक अर्थतन्त्रका लागि कार्यरत कजाक एजेन्सी शाखा कार्यालयका सल्लाहकार अलेक्जेण्डर बोलसोभले २००४ मा यस पक्तिकारलाई बताएका थिए ।

उत्तरी क्यास्पियन सागरको पानी अधिकतम सीमाको प्रदूषणभन्दा ३.९ गुना बढी प्रदूषित रहेको छ, जसमा तामाको मात्रा अधिक छ । यसैगरी नजिकै रहेको तुर्कमेनिस्तानको चेलेकेन पेनिन्सुलामा अधिकतम प्रदूषण सीमाभन्दा ७.२ गुना बढी प्रदूषण रहेको छ ।

तामा र जिङ्कजस्ता बस्तुलाई खनिज पदार्थका रूपमा लिइने भए तापनि यिनीहरू गह्रौं पदार्थहरू हुन् । यिनीहरूले जीवित प्राणीलाई बरबाद पारेर छोड्छन् र खानाका साथ निरन्तर यस्ता बस्तु पेटमा पुग्दा घातक परिणाम देखापर्दछ । यसको प्रभाव भोजन श्रृङ्खलामा पनि पर्न आउँछ । क्यास्पियन सागरका माछा खाने मानिस पनि त्यस प्रदूषणको चपेटामा पर्दछ ।

# जातीय संकीर्णताले आर्थिक वृद्धिमा अवरोध

– सुवेन्द्रिनी काकुची

टोकियो (आई.पी.एस्./एन.पी.आई.) – जुनको नाकायामा ५६ वर्षकी महिला हुन्। उनी मुलुकको आर्थिक पक्षमा चासो राख्छिन् । राष्ट्रिय निकायहरूले भनेजस्तो विदेशी कामदार आउने र गैरकानुनी रूपमा काम गर्ने प्रवृत्ति घटेको जस्तो उनलाई लाग्दैन ।

'विदेशी कामदारहरूको संख्या बढिरहको छ। खासगरी एसियाली कामदारहरू मेरो आवास क्षेत्रतिर पर्याप्त छन्। उनीहरूको अनुहार त्रसित देखिन्छ। सो अवस्था नियाल्दै जब म रेलबाट साँझ घरफर्किरहेकी हुन्छु, मलाई असजिलो अनुभव हुन्छ,' उनले भनिन् ।

नाकायामा एक अन्तर्राष्ट्रिय कम्पनीमा कार्यरत छिन्। विदेशी कामदारका सम्बन्धमा चासो राख्ने उनी एक्लो व्यक्ति होइनन् । एक सर्भेक्षणअनुसार ७० प्रतिशतभन्दा बढी जापानी जापानमा जुन परिमाणमा विदेशी कामदारहरू भित्रिरहेका छन्, त्यो हेर्दा आन्तरिक शान्ति प्रभावित त हुने होइन भन्ने आशंका सृजना भएको खुलासा गर्दछन् । यस विषयले अहिले उर्जा प्राप्त गरेको छ । समुद्र पारिका व्यक्तिहरूबाट मुलुकमा आपराधिक गतिविध बढाइएको समाचारलाई सञ्चारमाध्यममा बढी महत्व दिइएको देखिन्छ ।

जापानमा विदेशी कामदार स्वीकार गर्ने र उनीहरूलाई आम जापानी नागरिकसरह व्यवहार गर्ने विषय लामो समयदेखि विवादास्पद रहँदै आएको छ । जापानमा गौरवपूर्ण सम्पत्तिका रूपमा रहेको समान व्यवहार राष्ट्रिय रूपमै संस्कृति बनेको छ ।

कालावा नेकाइस्थित विदेशी कामदारलाई सहायता पुऱ्याउने त्रिणमूल समूहका नेता नोगुसिता एगासी भन्छन्, 'जापानमा वैदेशिक कामदारलाई अनुमति दिने नयाँ चरणका बाबजुद उनीहरू समस्या भोगिरहेका छन् । विदेशी कामदार सस्तो मजदुरीमा काम गर्दछन्। उनीहरू जापानमा रहेर काम पाउने अधिकार राख्दछन्। तर उनीहरूलाई समस्याका रूपमा देखाउने काम सञ्चार माध्यममा भएको छ ।'

वैदेशिक कामदार र अपराधसम्बन्धी विवा( दलाई जनवरी महिनामा सञ्चार माध्यमले महत्व दिएर प्रकाशित गरेका थिए। ब्राजिलका वकिलहरूले जापानमा १९९९ मा कार्यरत ब्राजिलियाली कामदार मिल्टोन नोबरु हिगाकी जसलाई काममा बेवास्ता गरेको र आक्रमण गरेर भागेको आरोप जापानी पक्षबाट लगाइएको थियो, का सम्बन्धमा कडा प्रतिवाद गरेका थिए ।

हिगाकीलाई १६ वर्षकी मायुमी ओचिआई नामकी एक छात्रालाई मारेर चार दिनपछि पलायन भएको आरोप लागेको थियो । उनका बाबुआमाले जापानमा विदेशी कामदारबाट सो अपराध भएको भन्दै उजुरी दर्ता गरेका थिए। उजुरीमा विदेशीले जापानमा अपराध गरेको अवस्थामा उसलाई जापानमै ल्याएर सजाय नदिएसम्म विदेशीले अनुशासन र कानुनी दायित्व पालनाप्रति बेवास्ता गर्ने दावी गरिएको छ । ब्राजिल र जापानबीच सुपुर्दगी सन्धि भएको

छैन र ब्राजिलको कानुनले विदेशी मुलुकमा अपराध गरेर आएको आफ्नो नागरिलाई हस्तान्तरण गर्न अनुमति पनि दिँदैन ।

२००५ मा चिनियाँ नागरिकहरू विदेशमा गएर अपराधको आरोपमा पक्राउ पर्नेमा सर्वाधिक छन् । निकेई समुदाय वा युवा पुस्ताका ब्राजिलियालीहरू त्यसपछिको परिमाणमा पर्न आउँछन् । न्याय मन्त्रालयको तथ्याङ्कअनुसार जापानमा विभिन्न कारखानामा काम गर्ने निकेई ३ लाख २० हजारको संख्यामा छन् ।

योमियुरी नामको जापानको सवैभन्दा प्रभावशाली दैनिक अखबारले फेब्रुअरी १७ तारिखको अङ्कमा 'विदेशी अपराधीलाई जापानबाट उम्कन नदेऊ,' शीर्षकको सम्पादकीयमा भनेको छ । विदेशीहरूद्वारा भएका अपराधले मुलुकमा गम्भीर समस्या सृजना गरेको छ,' सम्पादकीयले विदेशी कामदारलाई अपराध गर्न र उम्कन दिने अवस्था अन्त्य गर्न प्रशासनलाई आग्रह गरेको छ ।

मानवअधिकारकर्मी न्यायाधिवक्ता यासुको मोरियोको सञ्चार माध्यमलाई भन्छिन्-जापानमा विदेशीको अधिकारको रक्षाका लागि सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका खेल्नसक्छन् । 'विदेशी नागरिकको मुद्दामा व्यावसायिक अनुवादकको पहुँचको व्यवस्था, उनीहरूको मातृभाषामै कागजातको अनुवाद हुने प्रावधान र विदेशीको मुद्दाको सुनुवाइ उनीहरूकै भाषामा हुने व्यवस्थाका सम्बन्धमा उनीहरूले कलम चलाउन आवश्यक छ,' उनले आईपीएसलाई भनिन् ।

जापानी-ब्राजिलियाली कामदारद्वारा भएको अपराधसाग प्रत्यक्षत: कानुनी व्यवस्थाको कुनै सम्बन्ध छैन । निजले गरेको अपराधका लागि सजाय पाउनै पर्छ, मोरिओका भन्छिन्- तर यहाँ विदेशीका लागि काम गर्ने अवस्था गएगुज्रेको छ । उनीहरूका बालबालिकाहरू भाषाको कठिनाइका कारण शिक्षा हासिल गर्न पाउँदैनन् । उनीहरूले पक्षपात र राज्यबाट हुने लापरवाहीको शिकार हुनुपर्दछ ।

जापान एशियाली तथा दक्षिण अमेरिकी कामदारका लागि यहाँको मुद्रा येनका कारण निकै आकर्षक बजार रहेको छ । औशत रूपमा विदेशीहरूलाई वार्षिक १५ हजार अमेरिकी डलरको पारिश्रमिक प्राप्त हुन्छ । जबकि त्यसको आधा रकम खर्च गरेर यस मुलुकमा गुजारा चलाउन सकिन्छ ।

साना उत्पादक कम्पनीहरू र सस्तो मजदुरीको व्यवसायमा विदेशी कामदारलाई प्राथमिकता दिइन्छ । तीव्र गतिले भूमण्डलीकरणको दिशामा अगि बढेको र कडा प्रतिस्पर्धामा रहेको मुलुक जापानका लागि सस्तो मजदुरी महत्वको विषय बनेको छ ।

जापानी रोजगारदाताहरू विदेशी कामदारलाई कुनै क्षतिपूर्ति नदिई उम्किने गर्दछन् । विदेशी कामदारहरू जब कामको दौडानमा घाइते हुन्छन् र आधिकारिक भिसा लगायतको कागजातको अभावमा भूमिगत हुन बाध्य हुन्छन्, उनीहरू अपराध कार्यमा संलग्न हुन पुग्छन् ।

हिगाकीको भनाइ भन्दै सञ्चारमाध्यममा उल्लेख गरिएअनुसार पनि उनी विदेशी कामदारका रूपमा जापानी अदालतले 'पक्षपात' गर्ने डरले पलायन भएका हुन् ।

'विदेशी कामदारलाई पनि जापानी नागरिकसरह सुविधा हुनुपर्छ । काम लगाउने मुलुकको व्यवहारलाई बेवास्ता गरेर बनाइएको कानुन कारगर हुँदैन,' जापानी अधिवक्ता संगठनका मोरिओका भन्छन् ।

विदेशी कामदारद्वारा हुने गैरकानुनी गतिविधिका पछाडि सरकारको नीतिपनि उत्तिकै दोषी रहेको सम्बद्ध विषयका ज्ञाताहरूको धारणा रहेको छ । सरकारी नीतिकै कमजोरीका कारण सामाजिक समस्या सृजना भएको उनीहरूको ठहर छ ।

पूर्व न्याय मन्त्रालयका अधिकारी हिडेनोरी साकानाकाका अनुसार जापानी कम्पनीहरू विदेशी कामदारलाई पक्षपातपूर्ण व्यवहार गर्दछन् । जबकि घट्दो अवस्थामा रहेको जनसंख्याको मुलुक जापानका लागि उनीहरूको सेवा आवश्यक रहेको छ । विदेशी कामदारप्रतिको पक्षपातपूर्ण व्यवहारले आउँदा वर्षहरूमा स्थिति अझ बढी नाजुक बन्ने सम्भावना छ ।

जापानलाई आप्रवासी कामदारको आवश्यकता छ । किनभने यसका जनताले मात्र काम गरेर भ्याउने अवस्था छैन । २००५ मा मृत्युदरभन्दा जन्मदर १० हजारले कम रहेको देखिन्छ । २००६ यता जनसंख्या अझ बढी दरमा घट्दै आएको छ । जापानको जनसंख्यासम्बन्धी निकायका अनुसार अहिले १२ करोड ७० लाख जनसंख्या रहेकोमा यही दरले घट्दै गएमा २०५० मा जापानको जनसंख्या १० करोड मात्र बाँकी रहेने छ ।

# नयाँ कानुनको निशाना पीडित होइन, पीडक

– बरदान कुप्पुसामी

क्वालालम्पुर (**आई.पी.एस्./एन.पी.आई.**) – मलेसियाले कानुन मिच्नेलाई २० वर्षसम्मको जेल सजाय दिने प्रावधान रहेको मानव बेचबिखनविरोधी कठोर विधेयक सदनमा टेबुल गरे पनि त्यस्तो कानुनका लागि एक दशकदेखि लड्दै आएका मानवअधिकारवादी कार्यकर्ताहरू यसको सफलता प्रभावकारी कार्यान्वयनमा भर पर्ने बताउँछन् ।

अप्रिलको तेस्रो साता सदनमा प्रस्तुत नयाँ कानुन अन्तर्गत बेचिएका पीडितविरुद्ध मुद्दा चलाइने छैन अर्थात तस्करहरूले दिएको नक्कली कागजातका आधारमा अवैध रूपमा सो मुलुक प्रवेश गरेको अभियोग उनीहरूलाई लगाइने छैन ।

बरु, उनीहरूलाई सुधार्न र अपराधीविरुद्ध प्रमाण जुटाउन अधिकारीलाई सघाउने हेतुले मैत्रीपूर्ण मध्यस्थ आवासमा तीन महिनादेखि दुई वर्षसम्म राखिनेछ ।

स्थानीय र अन्तर्राष्ट्रिय संघ-संस्थाले चर्को निन्दा गरेको यसअघिको अभ्यासअन्तर्गत पीडितहरूलाई अध्यागमन अधिकारीसमक्ष सुम्पिने चलन थियो जसले पक्राउ परेका व्यक्तिलाई उनीहरूको देश फर्काउनुअघि लामो समयसम्म थुनामा राख्ने गर्दथे ।

पीडितलाई प्रायजसो गैरकानुनी रूपमा प्रवेश गरेको, अनधिकृत रूपले काम गरेको अथवा अनैतिक व्यापार गरेको अभियोग लगाइन्थ्यो ।

यसबाहेक, यहाँ मानव बेचविखनविरोधी वृहत् कानुन पनि थिएन र बेचविखनको खास अपराधविरुद्ध कारवाही पनि हुँदैनथ्यो ।

तर, अहिले त्यो सबै बिगत भएको छ ।

नयाँ कानुन अन्तर्गत मानव बेचविखन गर्ने र तिनीहरूलाई सघाउनेले २० वर्षसम्मको जेल सजाय भोग्नुका साथै भारी जरिवानाको सामना गर्नुपर्छ । त्यस्ता व्यक्तिलाई कोर्रा हानिन पनि सक्छ ।

'नयाँ कानुन असलतर्फको प्रमुख परिवर्तन हो । यो अपराधीप्रति ज्यादै कठोर छ र यसको पहुँच व्यापक छ । तर, प्रभावकारी ढंगले कार्यान्वयन गरिएन भने यो किताबमै सीमित रहने डर छ' बेचिएका महिला र आप्रवासी कामदारको अधिकार क्षेत्रमा नाम कमाएको प्रमुख मानव अधिकारवादी गैरसरकारी संस्था तेनागानिताकी कार्यकारी निर्देशक डा. आइरिन फर्नान्डेज भन्छिन् 'हामीले एक दशकदेखि यस्तो कानुनको माग गर्दै आएका थियौं अहिले आएर पायौं, ...हामी खुसी छौं ।'

'यो वास्तवमै सफल कथा हो' आइरिनले आईपीएससित भनिन् 'यो कानुनका लागि थुप्रै गैरसरकारी संस्था र व्यक्तिले कडा परिश्रम गरे ।'

उक्त कानुन बेचिएका महिला, जसको ६५ प्रतिशत हिस्सा बाँधा मजदुर र बाँकीलाई वेश्यावृत्ति गर्न बाध्य बनाइएको छ, को लागि संरक्षक हुने पनि उनले बताइन् ।

'१४ वर्षभन्दा कम उमेरका किशोरीहरू पनि शिकार बनेका छन्' उनी भन्छिन् 'नयाँ कानुनले यो दुर्दशाको अन्त्य गर्ने आशा हामीले गरेका छौं ।'

मलेसिया एसियाबाट युरोपतिर मानव ओसारपसार गर्ने प्रमुख पारवहन केन्द्र बन्दै गएकोमा आधिकारीहरू चिन्तित छन् । 'हामी यो कानुनमार्फत मानव बेचविखन निर्मुल पार्न चाहन्छौ, यो मामिलामा हामी कठोर हुन चाहन्छौं' कानुन तथा संसदीय मामिलामन्त्री नाज्री अजिजले भने ।

'यो मानव बेचविखनमा संलग्न गिरोहको लागि संकेत हो जसलाई हामी व्यापार भन्छौं' उनले आईपीएससित भने ।

मानव बेचविखनविरोधी अध्यादेश २००७ ले आगामी तीन महिनाभित्र

कानुनको रूप लिने अनुमान गरिएको छ । यस अन्तर्गत पीडितलाई धम्की दिने तस्कर हरू बीस वर्षसम्मको कारावास सजायको भागीदार हुन्छन् ।

'कठोर सजायका अतिरिक्त उक्त कानुनले पीडितलाई राष्ट्रसंघीय वडापत्र अनुसार बर्गीकरण गर्दै अधिकांश पीडितलाई पर्याप्त संरक्षण हुने गरी परिभाषित गर्दछ' फर्नान्डिजले भनिन् ।

**विधेयकका अन्य विशेषताहरू**

- कानुनका सबै प्रावधानहरूको कार्यान्वयन गर्न गैरसरकारी संस्थालाई सदस्यको रूपमा राखेर कार्यान्वयन परिषद् स्थापना गर्ने ।
- मानव बेचविखनविरुद्ध लड्न राष्ट्रिय कार्ययोजना तयार गर्ने ।
- विदेशबाट बेचिएर आइपुगेका व्यक्तिलाई तीन महिनादेखि दुई वर्षसम्म रहनका लागि आश्रयको व्यवस्था मिलाउने ।
- बेचिएका व्यक्तिलाई अदालती सुनुवाईबाट उन्मुक्ति दिने ।

यो कदमबाट मानव बेचविखन विरोधी कानुनको पक्षमा पैरवी गर्दै आएको मलाया भाषामा सुहाकाम भनिने मानवअधिकार आयोग पनि उत्साहित भयो ।

'अन्तत: सरकारले समस्या स्वीकारेको छ र सही कदम चालेको छ' सुहाकामका आयुक्त डा. राज अब्दुल कारिमले भने 'यो ऐन प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ भन्ने हाम्रो अपेक्षा छ ।'

उनले मानव बेचविखन रोक्ने र तस्करहरूलाई दण्डित गर्ने बडापत्र, जसले सीमापार संगठित अपराधविरोधी राष्ट्रसंघीय महासन्धिमा पूरकको भूमिका निर्वाह गर्नुका साथै मानव बेचविखनका स्वास्थ्य र अन्य परिणामहरूलाई समेट्छ, लाई अनुमोदन गर्न पनि सरकारसित आग्रह गरिन् ।

सरकारले विधेयक घोषणा गर्दा यसले प्रहरी, अध्यागमन अधिकारी र अन्य निकायहरूलाई मानव तस्करको पिछा गर्न, अभियोग लगाउन र दोषी ठहर गर्न सजिलो बनाउने बताएको छ ।

सो विधेयक ल्याउन दबाब दिँदै आएकी परिवार, समुदाय र विकास मन्त्री शाह्रिजत अब्दुल जलिल मानव बेचबिखनको समस्या सोचनीय अवस्थामा पुगी नसकेको भए पनि 'सरकार मानव बेचविखनविरुद्ध लडन् वृहत् उपाय अपनाउन प्रतिबद्ध रहेको' बताउँछिन् ।

अधिकांश पीडितहरू यहाँ वेश्यावृत्ति, जबरजस्ती श्रम र गैरकानुनी उद्देश्यका लागि ल्याइएको एउटा वक्तव्यमार्फत उनले बताएकी छिन् ।

'हामीले मानव तस्करको सिकार बनेका महिला र बालबालिकालाई बस्नका लागि आवासगृह र सर्वसाधारणलाई यसबारे जागरुक बनाउन सचेतना अभियान चलाउने योजना बनाएका छौं' उनले भनिन् ।

सन् २००४ को प्रहरी प्रतिवेदनले करिब चार सय महिला जसमध्ये अधिकांश चीन, फिलिपिन्स र भियतनामबाट त्यहाँ ल्याइएका थिए, लाई अनैतिक गतिविधि हुने खोरबाट उद्धार गरिएको खुलस्त पारेको छ ।

'बेचिएर मलेसिया आइपुगेका महिला ठूलो समस्या हुन्' उनले भनिन् 'यो उद्योग यति नाफामुलक छ कि यसको लहरा जताततै फिजिएको छ । सरकार र संघ-संस्था मिलेर तिनलाई पराजित गर्नुपर्छ ।'

श्रम विज्ञ तथा ट्रेड युनियनका अधिकारीहरू नयाँ कानुनका प्रावधानले देशमा रहेका ३० लाख विदेशी कामदारलाई समेट्न र संरक्षण गर्न सकोस् भन्ने चाहन्छन् । कूल विदेशी श्रमिकको आधा हिस्सा बिना कागजात यहाँ आइपुगेकाले उनीहरू ज्यादै जोमिखपूर्ण अवस्थामा छन् ।

सजिलो काम र आकर्षक तलबको झुटो बाचा गरेर विदेशी कामदार यहाँ ल्याउनुलाई सामान्य ठानिन्छ ।

'भारत र पाकिस्तानका केही कामदारलाई मलेसिया आइपुगेका श्रमिकले स्याउ टिपिरहेको भिडियो दृश्य पनि देखाउने गरिन्छ' १ करोड १० लाख मजदुरको प्रतिनिधित्व गर्ने निजी क्षेत्रका ट्रेड युनियनको छाता संगठन मलेसिया ट्रेड युनियन काउन्सिलका महासचिव जी राजासेगरान भन्छन् 'जबकी मलेसियामा स्याउ खेती नै हुँदैन ।'

'मलेसिया कयौं लाख विदेशी कामदारको बासस्थान हो र उनीहरूको कामको र बचाइको अवस्था ज्यादै जोमिखपूर्ण छ । श्रमिकहरूको शोषण सामान्य दैनिक घटना हो' उनले भने ।

यहाँ ल्याइएका श्रमिकलाई कडा काममा जोताइन्छ र दिँदा पनि न्यून तलब भुक्तानी गरिन्छ' राजासेकरानले आईपीएससित भने 'हामी उनीहरूलाई बेचविखनका शिकार बनेका व्यक्ति ठान्छौं र सरकारले मानव बेचबिखनको भयावह तस्वीर हेर्नुपर्छ भन्छौं ।'

# मृत्युदण्डको खारेजीले राजनीतिक हत्याको तस्वीर बाहिर ल्याउन सघाउने

– अब्देर्रहिम एल औली

कासाब्लाङ्का (**आई.पी.एस्./एन.पी.आई.**) – मोरक्कोलाई बिगतका थुप्रै गैरन्यायिक हत्याहरूले सताइरहेको छ तर मानवअधिकारवादी कार्यकर्ताहरू गैरन्यायिक हत्याबारे जानकार व्यक्तिलाई त्यस विषयमा अझ बढी बोल्न र घटनाका जिम्मेवारलाई न्यायको घेरामा ल्याउन सहयोग गर्न प्रेरित गर्ने कदमस्वरूप लामो समयदेखि अपेक्षा गरिएको मृत्युदण्ड खारेजीको पर्खाइमा छन् ।

सन् १९९९ राजा मोहमद छैठौंको राज्यारोहणपछि उनको बाबुको समयमा भएको मानवअधिकार उल्लंघनका पीडित र राज्यबीचको मेलमिलापको ज्यादै स्वागतयोग्य प्रक्रिया सुरु भएको थियो । यो सार्वजनिक सुनुवाई गरी पीडितलाई क्षतिपूर्ति दिने समता तथा मेलमिलाप समितिमा केन्द्रित थियो ।

समितिले मृत्युदण्डको प्रावधान खारेज गर्न माग गरिएको अन्तिम प्रतिवेदन तयार गर्दै एक वर्षअघि आफूलाई तोकिएको कार्य सम्पन्न गऱ्यो । मोरक्कोका सञ्चार माध्यमहरूले समितिका सिफारिशलाई आगामी जुनमा अन्त्य हुने संसदको चालू सत्रले ग्रहण गर्ने अनुमान गरेका छन् ।

तर केही प्रमुख मानवअधिकारवादी कार्यकर्ताले राजा हसन द्वितीयको शासनकालमा भएका गम्भीर मानव अधिकार उल्लंघनका घटना--अदालती अनुमोदनबिना गरिएको हजारौं व्यक्तिको गैरन्यायिक हत्या--लाई अझै गुपचुप राखिएको भन्दै आलोचना गरेका छन् ।

'मेलमिलाप पक्षपाती हुन सक्दैन' मोरक्को मानवअधिकार संघका सदस्य नौरेद्दिन गब्बाज भन्छन् 'मेलमिलाप सम्पन्न गर्न एउटा मात्रै बाटो छः सत्य, सदैव सत्य । हामी पीडितमाथि भएका सबै कुरा जान्न चाहन्छौं । हामी यो फेरि दोहोरिँदैन भन्ने कुराको ग्यारेन्टी चाहन्छौं ।'

'कानुनको शासन, मानवअधिकार र स्वतन्त्रताको रक्षा गर्ने राज्य निर्माणमा सफलता हासिल गर्न मृत्युदण्डको खारेजी आवश्यक छ' गब्बाजले भने । मृत्युदण्डको अन्तिम खारेजीले तथ्य प्रकाशमा ल्याउने भूमिका निर्वाह गर्नुपर्छ ।

उनले भने 'मृत्युदण्डको खारेजीले पूर्व गुप्तचर सेवाका एजेन्टलाई 'दि इयर्स अफ लिड' मा के के भयो भन्नेबारे अझ बढी उपयोगी सूचना सार्वजनिक गर्न मद्दत गर्छ ।'

'दि इयर्स अफ लिड' राजा हसन द्वितीयको ३८ वर्षे शासनकालमा भएको दमनलाई चित्रण गर्न प्रयोग गरिएको सजीव शब्दावली (ग्राफिक टर्म) हो । त्यसताका विपक्षी र प्रजातान्त्रिक अभियानमा लागेका कार्यकर्तालाई सताउने, बन्दी बनाउने र बेपत्ता पार्ने काम भए ।

सन् १९६५ मा प्रमुख विपक्षी नेता मेहदी बेन बार्कालाई बेपत्ता पारिएको घटना त्यतिखेर गरिएको मानवअधिकार उल्लंघनको सानो उदाहरण मात्रै हो ।

पूर्व गुप्तचर सेवाका एजेन्ट अहमद बौखारीले बेन बार्कालाई सो एजेन्सीको दर अल-मौक्रीस्थित बन्दीगृहबाट अपहरण गरी फ्रान्सको पेरिस पुऱ्याउन आफूले कसरी काम गरेँ भन्ने कुरा सञ्चारकर्मीलाई बताएर यसमा केही प्रकाश पारेका छन् । दर अल-मौक्री राजधानी रबातको एकान्त इलाका सौइस्सीको भिल्ला (काँठ क्षेत्र) थियो । एजेन्टहरूले बार्काको लास दर अल-मौक्री फिर्ता ल्याएर एसिडमा राखी सानो अंश पनि बाँकी नरहने गरी नष्ट पारेको बौखारीले सन् २००० मा पहिलोपटक दाबी गरेका थिए ।

तर, स्थब्ध पार्ने खालका तथ्य सार्वजनिक भए पनि गैरन्यायिक हत्यामा संलग्न कोहीविरुद्ध पनि अदालती प्रक्रिया सुरु गरिएको छैन । मोरक्को सरकारले पनि सो भिल्ला र त्यहाँको कहालीलाग्दो गोप्यताको सुक्ष्म अवलोकन गर्न सर्वसाधारणको निम्ति खुल्ला राख्न गरिएको आग्रहलाई वेवास्ता गर्दै आएको छ । सरकारलाई दबाब दिने हेतुले त्यहाँ धर्ना कार्यक्रम

गर्न अनुमति माग्दा पनि दिइएको छैन ।

प्रख्यात मानवअधिकारवादी कार्यकर्ता ड्रिस ओउल्ड काब्लाले सो भिल्लामा भएको गैरन्यायिक हत्याको व्यक्तिगत अनुसन्धान गरिरहेका छन् । गत अप्रिलमा आफूले हत्या सम्बन्धी सूचना फेला पारेको बताए पनि उनले संख्या खुलाएका छैनन् । पूर्व एजेन्ट बौखारीले सो बन्दीगृहमा शवमा एसिड खन्याएर नष्ट पार्नु सामान्य अभ्यास भएको यसअघि नै बताइसकेका छन् ।

हसेनको शासनकालमा भएको प्रदर्शन दबाउन चालिएको हिंसात्मक कदमका जिम्मेवार अधिकारीलाई न्यायको कठघरामा ल्याउन र अनुसन्धान गर्न गरिएको आग्रहलाई सम्बन्धित अधिकारीले निरन्तर जनाएको अस्वीकृतिप्रति कार्यकर्ताले चासो पनि व्यक्त गरेका छन् । मोरक्कन फोरम फर ट्रुथ एण्ड इक्वीटीले तीमध्येको एउटा खराब, सन् १९८१ मा कान्साब्लाङ्कामा धेरैको ज्यान लिएको रक्तपातपूर्ण दमनका जिम्मेवारलाई न्यायको अगाडि उभ्याउन अभियान सञ्चालन गरिरहेको छ । सो दमनमा सुरक्षाफौजले एक हजारभन्दा बढीलाई गोली हानी हत्या गरेको कार्यकर्ता बताउँछन् । तर, अधिकारीहरू मृतकको संख्या ८९ मात्र भएको दाबी गर्छन् ।

फोरमका सदस्यसमेत रहेका गब्बाजले सो घटनामा मारिएका अधिकांशलाई पछि कान्साब्लाङ्का वरपर सामूहिक चिहानमा गाडिएको आईपीएसलाई बताए । ‘मारिएकाहरूलाई आकस्मिक रूपमा गोली लागेको सरकारी भनाई छ’ गाब्वज भन्छन् ‘तर आकस्मिक गोलीले छाती, मुटु र टाउकोलाई निशाना बनाएको मलाई थाहा छैन ।’

सो दमनमा एकजना आठवर्षे लाटो बालक समेत मारिएका थिए । झ्यालबाट प्रदर्शन हेरिरहेका व्यक्तिको ठाउको पनि गोलीले उडाएको गब्बाजले दाबी गरे ।

ड्रिस ओउल्ड काब्ला नामका मानव अधिकारकर्मी सेनाको शुद्धीकरणमा केन्द्रित छन् । अप्रिलमा उनले सन् १९७१ मा कूको षडयन्त्र गरेको आरोपमा अदालती सुनुवाई बिना नै मृत्युदण्ड पाएका नौजना सैनिक जनरलको विस्तृत विवरण प्रकाशित गरे ।

सो मृत्युदण्डलाई मोरक्कोको टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको थियो । जोर्डानका राजा हुसेन र मोरक्कोका राजा हसनले उक्त फाँसी मौले इस्माइल ब्यारेकमा बसेर दुरबीनमार्फत हेरेको आउल्ड काब्लाले लेखेका छन् । अरु करिब ३० जना अधिकारीलाई पनि पूर्वी मोरक्कोको अर्राचिदिया सहर नजिकैको ताज्मामार्तस्थित गुप्तचर सेवाको बन्दीगृहमा चर्को यातना दिएर बिस्तारै मारिएको थियो ।

ओउल्ड काब्ला अरु ५८ अधिकारीलाई सन् १९७१ र १९७२ मा अन्य कू प्रयासको आरोपमा पक्रेर जेलमा कोचिएको दाबी गर्दछ । तीमध्ये ३० जनाले ताज्मामार्त जेलको सानो कोठरीको उकुसमुकुस, भोक र यातनाका कारण त्रासद् मृत्युवरण गरेका थिए ।

मानवअधिकारवादी संस्थाहरूले पनि ६० भन्दा बढीको संख्यामा रहेका राजनीतिक बन्दीको भविष्यबारेको सूचनाका लागि दबाब दिइरहेका छन् जसको बेपत्ताबारे केही बताइएको छैन ।

गैरन्यायिक हत्याका घटनाको सार्वजनिक छानवीन सुरु गर्न अधिकारीहरूले देखाएको स्पष्ट अनिच्छा चर्को आक्रोशको कारण बनिरहेको छ । घटनाका दोषीलाई बारम्बार सरकारी टेलिभिजनमा देखिँदा पीडितका आफन्त र परिवारजनमा हुने पीडाले यसलाई अझ जटिल बनाएको छ ।

‘यो दमनचक्र जसले चलाए तिनीहरूलाई न्यायको कठघरामा ल्याउनु पर्छ--अथवा कम्तीमा जागिरबाट हटाउनुपर्छ’ गाब्बाज भन्छन् ‘ती सबै टेलिभिजनमा देखापरिर हनु अविश्वसनीय कुरा हो ।’ उनले ती व्यक्तिको रूपमा सेनाका कमान्डर र उच्च सरकारी अधिकारीलाई चिनाए ।

बाट : नेपाल प्रेस इन्स्टिच्यूट
थापाथली–७०७ प्रशुतिगृह मार्ग
पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल
फोन नं. ४–२६४१५५, ४–२६६४१८
फ्याक्स नं. २६४१५४

लाई :



npiktm@wlink.com.np